आज मिति २०७९।०४।१८ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ७९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री विष्णु प्रसाद आचार्य -लेखापाल

श्री हुकुम वली -आन्तरिक लेखापरिक्षक

श्री केशर सिं खड्का -का.स.

CamScanner

**कपुरकोट गाउँपालिकाको मिति २०७९।०४।१८ गतेको ७९ औं गाउँकार्यपालिका बैठकका कार्यसूचिहरु:**

१. गाउँपालिकाका उपाध्यक्षको बारेमा प्रकाशित समाचारको सम्बन्धमा ।

२.गाउँपालिकामा एकीकृत सफ्टवयर लागु गर्ने सम्बन्धमा ।

३.गाउँपालिकामा आवास र सवारी साधन मापदण्ड तोक्ने सम्बन्धमा ।

४.विविध ।

२०७९/०४/१८

प्रमुख प्रशासकीय अधिकृत

# कपुरकोट गाउँपालिकाको ७९ औं गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुः

**निर्णय नं.१:**

कपुरकोट गाउँपालिकाका उपाध्यक्ष प्रकाश भरारीको बारेमा **नेपाल समाज डट कम** नामक अनलाईन पत्रिकाले मिति २०७९।०४।१७ गते कपुरकोट गाउँपालिकाका **"उपाध्यक्षको दादागिरी, चुनाव खर्च उठाउन सिमेन्ट उद्योगका गाडी संचालनमा रोक"** शिर्षकमा प्रकाशित गरेको तथ्य र आधार विनाको समाचार प्रति खेद प्रकट गर्दै गाउँपालिकाको तर्फबाट खण्डन सहितको प्रेश विज्ञप्ती जारी गर्ने र उपाध्यक्षको नैतिक चरित्रमाथि आधारहिन आरोप लगाउने उक्त अनलाईनलाई समाचारको पुष्टि वा खण्डन गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:**

यस गाउँपालिका भित्र योजना, सिफारिस, दर्ता चलानी, सामाजिक सुरक्षा, ई-हाजिरी (गाउँपालिकाको कार्यालय, सवै वडा कार्यालयहरु, सवै स्वास्थ्य संस्थाहरु र माध्यामिक विद्यालयहरुमा) र राजश्वको एकीकृत सफ्टवेयर आगामी भदौ १ गतेदेखि प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.३:**

गाउँपालिकामा उपलब्ध हुने आवासको हकमा निम्न बमोजिमको प्राथमिकताको आधारमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत
- स्वास्थ्यचौकीमा रहने २४ घण्टे कर्मचारीहरु
- बाहिरी जिल्ला घर भएका स्थायी कर्मचारीहरु
- ड्राईभर र अन्य कर्मचारीहरु

**निर्णय नं.४:**

गाउँपालिकामा उपलब्ध हुने सवारी साधनको प्रयोगको हकमा निम्न बमोजिमको प्राथमिकताको आधारमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरु,
- शाखा प्रमुखहरु, जिन्सी उपशाखा प्रमुख, नगरप्रहरी ईन्चार्ज,
- प्राविधिक कर्मचारीहरु, वडा सचिवहरु र स्वास्थ्य संस्था ईन्चार्जहरु
- उपशाखा प्रमुखहरु, ईकाई प्रमुखहरु
- अन्य

**निर्णय नं.५:**

कपुरकोट सामुदायिक सिकाई केन्द्र हाल कपुरकोट गाउँपालिका वडा नं. ३ को कालिका मा.वि. मा संचालन भई रहेकोमा साविकका धनवाङ र गर्पा गा.वि.स.लाई कार्यक्षेत्र बनाई काम गर्ने गरि उचित स्थानमा कार्यालय व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७९/०४/१८

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.६:**

हाल जिन्सी प्रमुखको रुपमा कार्यरत सि.अ.हे.व. देवेन्द्र कुमार सेनलाई धनवाङ स्वास्थ्य चौकी ईन्चार्जको जिम्मेवारी दिने र अर्को व्यवस्था नहुन्जेल सम्मका लागि प्रशासन अधिकृत खगेन्द्र बहादुर शाहीलाई जिन्सी प्रमुखको जिम्मेवारी दिने निर्णय गरियो ।